आज मिति २०८२ साल चैत्र २७ गते शुक्रबारका दिन दिउँसो १:०० बजे जिल्ला समन्वय समिति, कैलालीको दशौं जिल्ला सभा **जिल्ला समन्वय समिति कैलालीका प्रमुख श्री टीका कुमारी चौधरी(भुल)** ज्यूको अध्यक्षता एवं **सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको प्रमुख आतिथ्यतामा** तपसिल बमोजिमको उपस्थितिमा जिल्ला समन्वय समिति परिसरमा रहेको सुदूरपश्चिम प्रदेश सभाको हलमा बसी विभिन्न निर्णय गरियो ।

उपस्थिति

१. अध्यक्षता: जिल्ला समन्वय प्रमुख श्री टीका कुमारी चौधरी(भुल)
२. प्रमुख आतिथ्यता: सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री कमल बहादुर शाह
३. नगर प्रमुख श्री गोपाल हमाल, धनगढी उप महानगरपालिका, कैलाली
४. का.वा. नगर प्रमुख श्री राम बहादुर नागरी, टिकापुर नगरपालिका, कैलाली
५. नगर प्रमुख श्री विरेन्द्र भट्ट, गोदावरी नगरपालिका, कैलाली ____________
६. नगर प्रमुख श्री सुशिला शाही, लम्की चुहा नगरपालिका, कैलाली ____________
७. नगर प्रमुख श्री खडक बहादुर रावत, घोडाघोडी नगरपालिका, कैलाली
८. नगर प्रमुख श्री केवल चौधरी, भजनी नगरपालिका, कैलाली
९. नगर प्रमुख श्री देवीदत्त कडेल, गौरीगंगा नगरपालिका, कैलाली
१०. जिल्ला समन्वय उप प्रमुख श्री खगराज भुषाल
११. अध्यक्ष श्री कर्ण बहादुर कुँवर, बर्दगोरीया गाउँपालिका, कैलाली
१२. अध्यक्ष श्री चित्र बहादुर चौधरी, जोशीपुर गाउँपालिका, कैलाली
१३. अध्यक्ष श्री गणेश चौधरी, जानकी गाउँपालिका, कैलाली
१४. अध्यक्ष श्री देविदत्त उपाध्याय, मोहन्याल गाउँपालिका, कैलाली
१५. अध्यक्ष श्री चक्र बहादुर बोगटी, चुरे गाउँपालिका, कैलाली ____________
१६. अध्यक्ष श्री राजसमझ चौधरी, कैलारी गाउँपालिका, कैलाली
१७. नगर उप प्रमुख श्री कन्दकला राना, धनगढी उप महानगरपालिका, कैलाली ____________
१८. नगर उप प्रमुख श्री शारदादेवी रोकाया, गोदावरी नगरपालिका, कैलाली
१९. नगर उप प्रमुख श्री जुना चौधरी, लम्की चुहा नगरपालिका, कैलाली

२०. नगर उप प्रमुख श्री गुलिया कुमारी चौधरी, घोडाघोडी नगरपालिका, कैलाली

२१. नगर उप प्रमुख श्री राजु तिरुवा, भजनी नगरपालिका, कैलाली

२२. नगर उप प्रमुख श्री भोज बहादुर बम, गौरीगंगा नगरपालिका, कैलाली

२३. उपाध्यक्ष श्री गणेश राज गिरी, बर्दगोरीया गाउँपालिका, कैलाली

२४. उपाध्यक्ष श्री रेखा देवी कठरिया, जोशीपुर गाउँपालिका, कैलाली

२५. उपाध्यक्ष श्री लालमती देवी कठरीया, जानकी गाउँपालिका, कैलाली

२६. उपाध्यक्ष श्री धनादेवी थापा, चुरे गाउँपालिका, कैलाली

२७. उपाध्यक्ष श्री भगवती कुमारी चौधरी, कैलारी गाउँपालिका, कैलाली

२८. उपाध्यक्ष श्री कमल साउद, मोहन्याल गाउँपालिका, कैलाली

२९. जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री विर्ख बहादुर बुढा

३०. जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री लोकेन्द्र बहादुर ताडी

३१. जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री जानकी देवी चौधरी

३२. जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री दिलु वि.क.

३३. जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री भावना चौधरी

३४. जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री सरिता भुल

३५. जिल्ला समन्वय समिति, कैलालीका सदस्य सचिव एवं नि.जि.स.अ. श्री जनक सिंह उखेडा

३६. आमन्त्रित:

~~प्रमुख प्रशासकीय अधिकृत श्री~~ ......................, ........... कार्यपालिकाको कार्यालय, कैलाली

३६. प्रमुख चिकित्सक डा. समीर ठाकुर धनगढी उपमहानगरपालिका

३७. देवेन्द्र बहादुर शाही बर्दगोरिया गा.पा. कोषाध्यक्ष

३८. उमा देवी पहाडी लम्की चुहा नगरपालिका

४०. मन रेशम गिरी (DSO) सुरक्षा

४१. नैना थापा ,,

४२. देवानन्द जोशी - स्वकीय सचिव मुख्यमन्त्री

४३. ना.सु. बिमलप्रकाश जोशी, जि.स.स. को कार्यालय, कैलाली

| | नाम | पद | | |
|---|---|---|---|---|
| १. | सुवास चौधरी | ह.स.प्र | जोशीपुर गा.पा. | |
| २. | रवत क्षेत्री | " " " | मुख्यमन्त्री तथा म.प.कृ. | |
| ३. | गोमती चौधरी | " | गौरीगंगा न.पा | |
| ४. | खेम चौधरी | " | गोदावरी न.पा | |
| ५. | अनोज चौधरी | ~~[illegible]~~ " " | बर्दगोरिया गा.पा | |
| ६. | कुवर सिंह चौधरी | " " | भजनी न.पा | |
| ७. | जिवन चौधरी (अगोनिया) | " " | टिकापुर न.पा | |
| ८. | सोनु चौधरी | " " | लम्की चुहा न.पा | |
| ९ | रामु चौधरी | से.प्र. | घोडाघोडी न.पा | |
| १०. | निज चौधरी | " | जानकी गा.पा | |
| ११. | ई. किशोर बिष्ट | इन्जिनियर | जि.स.स.को कार्यालय कैलाली | |
| १२. | अमरा बडाल | सबइन्जिनियर | " " " | |
| १३. | ज्ञानराज पाध्याय | लेखापाल | " " " | |
| १४. | प्रशान्तदेव चौधरी | ना.सु. (स्वकीयसचिव) | " " " | |
| १५. | संजिता जोशी | खरिदार | " " " | |
| १६. | चेतराज भट्ट | कार्यालय सहयोगी | " " " | |
| १७. | टोक बहादुर चौधरी | " " | " " " | |
| १८. | ताराकुमारी बम | " " | " " " | |
| १९. | प्रकाश खनाल | ह.स.चा. | " " " | |
| २०. | अविन्द्र बम | ह.स.चा. | " " " | |

**दशौं जिल्ला सभाका निर्णयहरु :**

**प्रस्ताव नं. १ : जेन्–जी पुस्ताको आन्दोलनमा भएको मानवीय र भौतिक क्षतिको स्मरण एवं व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १ :** मिति २०८२ भाद्र २३ गते भएको जेन्-जी पुस्ताको आन्दोलनका क्रममा ज्यान आहुती गर्ने शहिदहरु प्रति हार्दिक श्रद्धासुमन एवं घाइते योद्धाहरु प्रति सम्मान व्यक्त गर्दै सोही क्रममा भाद्र २४ गतेको आगजनी तथा तोडफोडबाट भएको क्षति पश्चात् कार्यालयलाई तत्काल सुचारु गर्न जिल्ला समन्वय समिति मौज्दात कोष संचालन तथा व्यवस्थापन समितिबाट मर्मत कार्यका लागि विनियोजित बजेट कार्यान्वयन गर्न जिल्ला समन्वय समितिको कार्यालयबाट भएको खर्च अनुमोदन गर्ने; सो क्रममा भएको अन्य भौतिक क्षतिलाई परिपूरण गर्न से१झ २५२ नं. को सवारीसाधन उपलब्ध गराउने मोहन्याल गाउँ कार्यपालिकाको कार्यालय, सो को मर्मत खर्च (टायर र ब्याट्री बाहेक) उपलब्ध गराउने टिकापुर नगर कार्यपालिकाको कार्यालय, कम्प्युटर, प्रिन्टर, ल्यापटप उपलब्ध गराउने धनगढी उपमहानगर कार्यपालिकाको कार्यालय, चुरे गाउँ कार्यपालिकाको कार्यालय र नेपाल बाल मजदुर सरोकार केन्द्र (CWIN-Nepal) एवं ल्यापटप उपलब्ध गराउने भजनी नगर कार्यपालिकाको कार्यालयलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै जिल्ला समन्वय समितिको कार्यालयको पुरानो/क्षतिग्रस्त भवन विस्थापन गरी नयाँ भवन निर्माण प्रयोजनका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नदीजन्य पदार्थ बिक्री/व्यवस्थापन कार्यको प्रभावकारिता अभिवृद्धि गर्ने सम्बन्धमा ।**
**निर्णय नं. २ :** नदीजन्य पदार्थको बिक्री/व्यवस्थापनमा सावधानी अपनाउन नसक्दा खुटिया नदिमा रहेका पूर्व पश्चिम राजमार्ग अन्तर्गत पक्की पुल, सेहरी र धनचौरीको झोलुंगे पुल लगायत अन्यत्रका विभिन्न निर्मित भौतिक संरचना समेत उच्च जोखिमको अवस्थामा रहेकोले यस सन्दर्भमा सजगता अपनाउन यस सम्बन्धी कानूनी प्रबन्धनको कडाईका साथ पालना गर्ने, क्रसर उद्योग तथा आयोजना क्रसरका सम्बन्धमा अनुमती, नियमन, सजायँ व्यवस्थापनका विषयमा कानून बमोजिम भएको सुनिश्चितता दिन सजगता अपनाउने एवं आन्तरिक अनुगमनलाई प्रभावकारी तुल्याउन ध्यान दिनेगरी जिल्लाका सबै स्थानीय तहले सजगता अपनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी एकीकृत छाता ऐन निर्माण सम्बन्धमा ।**
**निर्णय नं. ३ :** नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण कार्य सुदूरपश्चिम प्रदेशमा हाल ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ र सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ बमोजिम भैरहेकोमा उक्त कार्यमा देखिएका अनेकन बेथितिहरुलाई समाधान गर्दै उत्खनन्, संकलन तथा बिक्री वितरण व्यवस्थालाई प्रभावकारी बनाउन उपयुक्त कानूनी प्रबन्ध नभएको हुँदा "सो सम्बन्धी छाता ऐन" निर्माणको निम्ति संघीय तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: नदीजन्य पदार्थ जिल्ला स्तरीय अनुगमन समिति परिचालनार्थ कोष/जरिवाना व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. ४:** नदीजन्य पदार्थ जिल्ला स्तरीय अनुगमन समितिबाट अनुगमन गर्दा कानून विपरित उत्खनन्, संकलन एवं बिक्री वितरण कार्यमा संलग्न भई नियन्त्रणमा लिइएका सवारीसाधनबाट प्रदेश कानून बमोजिम लिईने जरिवाना संकलन गर्ने एवं कार्यविधि निर्माण गरी खर्च गर्ने व्यवस्थापकीय अधिकार जिल्ला समन्वय समितिलाई दिनेगरी कानूनी व्यवस्था गर्न सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने र ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा १४ मा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला स्तरीय अनुगमन समितिलाई अनुगमन कार्यका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आवश्यक प्रशासनिक खर्च उपलब्ध गराउनु पर्ने व्यवस्था भए अनुरुप नवौं जिल्ला सभाबाट तोकिए अनुसार उत्खनन्/संकलन/बिक्री वितरणमा संलग्न स्थानीय तहमध्ये प्रत्येक उ.म.न.पा./नगरपालिकाबाट रु. ७५,०००/- र गाउँपालिकाबाट रु. ५०,०००/- रकम जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने व्यवस्था गर्न सबै स्थानीय तहलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : जिल्ला स्तरीय अल्पकालिन महिला सुरक्षित आवासगृह भवन निर्माण सम्बन्धमा ।**
**निर्णय नं. ५ :** सुदूरपश्चिम प्रदेशको प्रदेश मुकाम रहेको कैलाली जिल्लामा अल्पकालिन महिला सुरक्षित आवासगृह को टड्कारो आवश्यकता महसुस भएकोले जिल्ला समन्वय समितिको कार्यालयको नाममा दर्ता/श्रेस्ता कायम रहेको धनगढी न.पा., वडा नं. १, सिट नं. ०२७०७६९११, कित्ता नं. ९९, क्षे.फ. १०४०.०० व.मि. को जग्गामा जिल्ला स्तरीय अल्पकालिन महिला सुरक्षित आवासगृह निर्माणको निम्ति बजेट विनियोजन गर्न सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : जिल्ला स्तरीय अल्पकालिन महिला सुरक्षित आवासगृह संचालनको वैकल्पिक व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. ६ :** जिल्ला स्तरीय अल्पकालिन महिला सुरक्षित आवासगृह निर्माण कार्य पूर्ण नहुँदासम्म जिल्ला सदरमुकाम स्थित स्थानीय तह धनगढी उ.म.न.पा. ले हाल संचालन गरिरहेको Safe House लाई साविक बमोजिम नै संचालन निरन्तरता दिने, (संघीय एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र संचालन निर्देशिका,२०७७ को व्यवस्था/मर्म/भावना नै यही रहेको) नवौं जिल्ला सभाबाट पारित जिल्ला स्तरीय महिला लक्षित सुरक्षित आवास गृह संचालन कार्यविधी,२०८० को अनुसूची-५ मा स्थानीय तहको निम्ति तोकिए बमोजिमको लागत सहभागिता यथावत

CamScanner

रहने; Safe House संचालनमा धनगढी उ.म.न.पा. लाई श्रोत अभाव भै बजेट माग भएमा जिल्ला समन्वय समितिमा रहने कोषमा उपलब्ध भएसम्म बील भरपाई अनुरुप भूक्तानी निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : गैह्र सरकारी संस्थाहरुलाई दिइने संचालन सहमती/अनुगती तथा अनुगमन/नियमन सम्बन्धमा ।**
**निर्णय नं. ७ :** स्थानीय तहको आवश्यकता, नीति कार्यक्रमसँगको तादत्म्यता, लागत सहभागिता एवं साझेदारी जस्ता विषयसँग सरोकारीत रही गैह्र सरकारी संस्थाहरुलाई दिइने संचालन सहमती/अनुमती तथा अनुगमन/नियमन गर्ने प्रबन्ध/व्यवस्था जि.स.स. सहित सबै स्थानीय तहले गर्ने, यसको जानकारी गैह्र सरकारी संस्थाहरुसँगको समन्वय बैठक मार्फत जि.स.स. ले सम्बन्धित सरोकारवालालाई गराउने र परिवर्तित सन्दर्भमा यस बमोजिमको कानूनी प्रबन्ध गर्न समाज कल्याण परिषदलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : छाडा पशु चौपाया व्यवस्थापनमा अन्तर्समन्वय, लागत सहभागिता एवं दीगोपना प्रवर्द्धन सम्बन्धमा ।**
**निर्णय नं. ८ :** छाडा पशु चौपाया समस्याको दीर्घकालीन समाधान गर्न व्यवस्थित चरिचरन, बहुउपयोगी घाँसखेती प्रवर्द्धन, पशु चौपायाको बहुआयामिक उपयोग हुनेगरी व्यावसायिक सम्भावनाको उपयुक्त मोडेल पहिचान एवं प्रवर्द्धन, कान्जी हाउस/गोठ निर्माण/फार्म हाउस निर्माण तथा प्रवर्द्धन गर्न तीनै तहका सरकार बीच अन्तर्समन्वय, साझेदारी तथा लागत सहभागिता मार्फत दीगोपना प्रवर्द्धन गर्न संघ तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : चुरे संवेदनशील क्षेत्रमा जथाभावि ट्र्याक खोल्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ९ :** कमजोर भूबनोट र भिरालो भौगोलिक संरचना भएको चुरे सभ्यता जथाभावि सडक निर्माण एवं ट्र्याक खोल्ने प्रवृत्तिले विनाशको उच्च जोखिममा रहेको हुँदा चुरे सभ्यताको संरक्षण, वन, वातावरण तथा पारिस्थितिकीय प्रणालीको संरक्षण एवं प्रवर्द्धनको निम्ति चुरे क्षेत्रमा जथाभावि ट्र्याक खोल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, विस्तृत अध्ययन नगरी सडक मार्ग विस्तार नगर्न, अत्याधिक शाखा सडकको सट्टा अत्यावश्यक Link Road मात्र निर्माण गर्न र जथाभावि अधुरा सडकको संख्या बढाउनु भन्दा सडक निर्माणका पूर्ण योजना कार्यान्वयन गरी सजगता अपनाउन चुरे क्षेत्रका स्थानीय तह लगायत सरोकारवालालाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: विभिन्न जलाधार क्षेत्र एवं पारिस्थितिकीय प्रणालीको संरक्षण/संवर्द्धन सम्बन्धमा ।**
**प्रस्ताव नं. १०:** कैलाली जिल्लाका मोहना, खुटिया, कान्द्रा, पथरैया नदी, घोडाघोडी, कोइलही ताल लगायत विभिन्न नदी/तालका जलाधार क्षेत्र नदीजन्य पदार्थ उत्खनन्, वन विनाश, अतिक्रमण जस्ता विविध कारणले दिन प्रतिदिन नष्ट हुँदै गएको, पानीका मुहानहरु सुक्दै गएको, भूमीगत जलश्रोत भासिंदै गएको र तराई/भावर क्षेत्रको जैविक अस्तित्व उच्च जोखिममा रहेकोले जलाधार क्षेत्र अन्तर्गतका पारिस्थितिकीय प्रणालीको संरक्षण तथा पर्या पर्यटन प्रवर्द्धनको निम्ति संरक्षण/सम्वर्द्धनात्मक क्रियाकलाप संचालन गरी दिगो विकासका अवयव प्रति सबै स्थानीय तहले सजगता अपनाउनु पर्ने भएकोले सोही बमोजिम गर्न गराउन जिल्लाका १३ वटै स्थानीय तहले ध्यान दिने र सो सम्बन्धमा संघ तथा प्रदेश सरकारको समेत ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : घोडाघोडी तालक्षेत्रको समग्र पर्यटकीय विकासको निम्ति एकीकृत अवधारणा सम्बन्धमा ।**
**निर्णय नं. ११ :** अन्तर्राष्ट्रिय रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल र यसको समग्र जलाधार क्षेत्र लगायत आर्थिक विकासका अवयवहरुलाई समेटी सम्बन्धित स्थानीय तहको लागत साझेदारी तथा स्थानीय तहकै संचालन नेतृत्व रहने गरी सरोकारवाला निकायहरुसँगको समन्वयात्मक पहलद्वारा एकीकृत प्रारूपबाट धार्मिक एवं पर्यापर्यटकीय विकास गर्न तीन तहका सरकारको समन्वयमा विस्तृत गुरुयोजना निर्माण गरी निर्माण सम्पन्नता पश्चात लाभ बाँडफाँड (Benefit Sharing) को खाका समेत तय गर्नेगरी नेतृत्वदायी पहलकदमी लिइदिन प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner

**प्रस्ताव नं. १२: सडक मानव मुक्त जिल्ला घोषणा तर्फ उद्यत रहनेगरी काम गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं. १२:** सडकापेक्षी मानवहरुलाई सडकबाट उद्धार गरी आश्रय एवं पुनर्स्थापनामा यस जिल्लामा क्रियाशील दृष्टी फाउन्डेसन नेपाल, मानव सेवा आश्रम धनगढी, सहारा घर बर्दगोरीया लगायत संघ/संस्थाको समन्वय/सहकार्यमा कैलाली जिल्लालाई सडक मानव मुक्त जिल्ला घोषणा गर्नेतर्फ उद्यत रहन जिल्लाका सबै स्थानीय तहहरुले नीतिगत व्यवस्था सहित वित्तीय प्रबन्ध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: स्थानीय बालमैत्री शासन जिल्ला घोषणा तर्फ उद्यत रहनेगरी काम गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं. १३:** आआफ्नो स्थानीय तहमा बालबालिकाको क्षेत्रमा क्रियाशील सरकारी तथा गैह्र सरकारी संघ/संस्थाको समन्वय/सहकार्यमा कैलाली जिल्लालाई स्थानीय बालमैत्री शासन जिल्ला घोषणा गर्नेतर्फ उद्यत रहन जिल्लाका सबै स्थानीय तहहरुले नीतिगत व्यवस्था सहित बालमैत्री शासन स्थानीय तह घोषणाको निम्ति वित्तीय प्रबन्ध एवं क्रियाकलाप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४: एकीकृत फोहरमैला केन्द्र संचालन-अन्तर्समन्वय मार्फत संरचनाको दीगोपना प्रवर्द्धन सम्बन्धमा ।**
**प्रस्ताव नं. १४:** गोदावरी नगरपालिकामा निर्माण सम्पन्न र धनगढी उपमहानगरपालिकामा निर्माणाधीन एकीकृत फोहरमैला प्रशोधन केन्द्रलाई पूर्ण रुपमा संचालन गरी संरचनाको दीगोपनामा ध्यान दिन अन्तर स्थानीय तह समन्वय/साझेदारीको माध्यंमबाट फोहरमैला प्रशोधनमा सहकार्य गर्न जिल्लाका १३ वटै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५: लैंगिक हिंसा निवारण कोष स्थापना तथा संचालन सम्बन्धमा ।**
**प्रस्ताव नं. १५:** लैंगिक हिंसाका सवाल एवं समस्यालाई सम्बोधन गर्न प्रत्येक स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो को संचालनार्थ कार्यविधी निर्माण गरी अघि बढ्ने कैलाली जिल्लाका १३ वटै स्थानीय तह प्रतिबद्ध रहने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. १६:** साविक जिल्ला विकास समितिको दायित्व सरिआएको बेरुजु एवं जिल्लाका १३ वटै स्थानीय तहमा वर्षेनी बढ्दै गएको बेरुजु अंक सुशासनको सवालमा अवरोधको रुपमा रहेकोले बेरुजुको स्पष्ट लगत कायम गरी बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापनको निम्ति योजनाबद्ध रुपमा काम गर्न जिल्ला समन्वय समिति, जि.स.स. को कार्यालय र जिल्लाका १३ वटै स्थानीय तह सक्रिय हुने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ : जिल्ला समन्वय समिति एवं मौज्दात कोष संचालन समिति बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।**
**निर्णय नं. १८ :** जिल्ला समन्वय समिति एवं मौज्दात कोष संचालन तथा व्यवस्थापन समितिको नवौं जिल्ला सभादेखि हालसम्म भए गरेका बैठकका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै आगामी जिल्ला सभासम्म समन्वय समिति, समितिको कार्यालय एवं स्थानीय तहको प्रभावकारिता अभिवृद्धि गर्न, मौज्दात कोष संचालन निर्देशिका,२०७५ अनुरुप योजना छनौट तथा कार्यान्वयन गर्न र कानून बमोजिम अन्य आवश्यक निर्णय लिन जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

CamScanner